# आठबीस नगरपालिका
# स्थानीय राजपत्र

खण्डः २ संख्याः ७ मितिः २०७५/०८/१७


### भाग-२

## आठबीस नगरपालिका

# छात्रवृत्ति सम्बन्धी कार्यविधि-२०७५

शिक्षा समाज रुपान्तरणको महत्वपूर्ण आधार हो । शिक्षित सभ्य र सुसंकृत समाजलेनै संम्बृद्ध राष्ट्र निर्माणको आधार निर्माण गर्न सक्दछ । प्राबिधिक र व्यावसायिक शिक्षा बर्तमान समयको माग हो । समग्र कर्णाली क्षेत्रमा प्राबिधिक र व्यावसायिक शिक्षाको पहुँचको कमिले यहाँका बिद्यार्थीहरु यस क्षेत्र भन्दा बाहिर गएर अध्यायन गर्न बाध्य रहेका छन् । यसको अलावा आर्थिक बिपन्नताको कारणले कतिपय जेहेन्दार बिद्यार्थीहरुसमेत यस प्रकारको शिक्षा लिनबाट बञ्चित छन् ।

यस आठबीस नगरपालिकामा निर्वाचनमार्फत स्थानीय सरकार निर्माण भएसंगै नगरपालिका क्षेत्रको जनस्वास्थ्य तथा शिक्षाको क्षेत्रमा देखिएका समस्याहरु समाधानको लागि बिशेष पहल हुँदै आएको छ। आठबीस नगरपालिकामा स्वास्थ्य क्षेत्रका सुचकांकहरु कमजोर रहेका छन् । उच्च मातृ तथा बाल मृत्युदर, कुपोषण, आधारभुत तथा मध्यमस्तरको स्वास्थ्य सेवाकोसमेत अभाव, आकस्मिक स्वास्थ्य सेवाको अभाव जस्ता कारणले वर्षेनी थुप्रै व्यक्तिहरुले अकालमा ज्यान गुमाउनु परिराखेको छ। यसैगरी आधारभुत तथा बिशेष स्वास्थ्य सेवाको लागि सुर्खेत, नेपालगंज तथा काठमाडौंसमेत जानुपर्दा बिरामीको परिवारलाई ठुलो आर्थिक भारसमेत पर्ने गरेको छ ।

यस्ता स्वास्थ्य समस्याहरुलाई मध्यनजर गरेर आठबीस नगरपालिकाको



दोस्रो नगर सभाले एक जना MBBS, एक जना H.A र एक जना Staff Nurce अध्यायन गर्ने बिद्यार्थीका लागि ७५ प्रतिशत छात्रबृत्ति प्रदान गर्नको लागि रकम समेत बिनियोजन गरेको छ। माथि उल्लेखित कोटाहरु र भबिष्यमा नगरपालिका बाट प्रदान गरिने सोही प्रकृतिका छात्रबृत्तिहरू प्रदान गर्नको लागि यो कार्यबिधि निर्माण गरिएको छ ।

यो कार्यबिधि नगर कार्यपालिकाबाट पारित भएको मितिदेखि लागु हुनेछ ।

**१. छात्रबृत्तिको प्रकृति :**

नगरपालिकाले पूर्ण, छात्रबृत्ति निश्चित प्रतिशत तोकिएको छात्रबृत्ति, नगरपालिकाको आफ्नै स्रोतबाट प्रदान गर्ने छात्रबृत्ति, साझेदारी कोषबाट ब्ययभार पर्ने गरी प्रदान गरिने छात्रबृत्ति वा कुनै संघ-संस्था वा शैक्षिक प्रतिष्ठानसंग समन्वय वा सहकार्य गरेरसमेत छात्रबृत्ति प्रदान गर्न सक्नेछ ।

**२.छनौट समिति :**

नगरपालिकाले सम्बाभित उम्मेदवारहरु मध्यबाट तोकिएको कोटाको लागि छात्रबृत्ति प्रदान गर्न निम्न बमोजिमको एक छनौट समिति गठन हुनेछ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको नगरपालिकामा कार्यरत स्थायी सेवाको कर्मचारी - संयोजक

ख) शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजक - सदस्य एक जना

ग) सामाजिक बिकास समितिको संयोजक - सदस्य एक जना

यस समितिले बिशेष अवस्थामा नेपाल सरकार, शिक्षा मन्त्रालय, नेपाल सरकारबाट सम्बन्धीत शैक्षिक कार्यक्रम संचालनको लागि स्वीकृत पाएका बिभिन्न बिश्वबिद्यालय अर्न्तगत आंगिक क्याम्पस वा CTEVT लाईसमेत अनुरोध गर्न सक्नेछ ।

**३.छनौटका मापदण्ड/आधारहरु :**

क) यस नगरपालिकाको स्थानीय बासिन्दा हुनु पर्नेछ ।

ख) नेपाली नागरिकताको प्रमाणपत्र वा उमेर नपुगेको हकमा नावालक परिचयपत्र अनिवार्यरुपमा प्राप्त गरेको हुनुपर्ने छ ।

ग) सम्बन्धीत बिषयहरु अध्यायन गर्नको लागि आवश्यक पर्ने न्यूनतम योग्यता हाँसिल गरेको हुनुपर्ने छ ।

घ) सम्बन्धीत बिषय अध्यायन गर्नका लागि नेपाल सरकार, शिक्षा मन्त्रालय,

IOM, CTEVT वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य सस्थाको प्रबेश परीक्षामा अनिवार्यरुपमा उत्तीर्ण भएको हुनुपर्नेछ ।

ङ) बिवाहित महिलाको हकमा यस नगरपालिका क्षेत्रमा बैबाहिक सम्बन्ध भएको बिबाह दर्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ । यस नगरपालिका क्षेत्रबाटै नागरिकता लिएका तर यहाँ भन्दा बाहिर बिबाह गर्ने महिलालाई यस छात्रबृत्ति कार्यक्रममा सहभागी गराइने छैन ।

च) आर्थिक रुपमा बिपन्न परिवारको सदस्य हुनु पर्नेछ साथै वडा कार्यालयले दिएको बिपन्नताको सिफारिस संलग्न राख्नु पर्नेछ ।

छ) नगरपालिका कार्यालय वा यस छात्रबृत्ति समितिबाट प्रकाशित सूचनामा उल्लेख भए बमोजिमको ढाँचा र समयमा आबेदन दिएको हुनु पर्नेछ ।

ज) कुनैपनी फौजदारी वा नैतिक पतन देखिने अभियोगमा कसुरदार नठहरिएको हनुपर्नेछ ।

झ) सामुदायिक बिद्यालय वा नेपाल सरकारबाट स्वीकृती प्राप्त नेपालमा रहेका बिश्वबिद्यालय वा उक्त बिश्वबिद्यालयका आंगिक क्याम्पसहरुबाट तोकिएको योग्यता हासिल गरेको बिद्याथीलाई प्रथामिकता दिईनेछ ।

**४. छात्रबृत्ति प्राप्त गर्ने बिद्यार्थीका लागि निर्धारित शर्तहरु :**

क) छनौट समितिबाट सिफारिस गरिएको अवस्थामा तोकिएकै शैक्षिक सस्थामा अध्यायन गर्नु पर्नेछ ।

ख) जुन शैक्षिक कार्यक्रमको लागि छात्रबृत्ति प्रदान गरिएको हो उक्त शैक्षिक कार्यक्रम अनिवार्यरुपमा पूरा गर्नु पर्नेछ ।

ग) कावु बाहिरको अवस्थामा वा अन्य कुनै कारणले उक्त शैक्षिक कार्यक्रम पुरा गर्न नसकेमा प्राप्त छात्रबृत्ति रकम नगरपालिकाको तोकिएको खातामा जम्मा गरी सोको भौचर नगरपालिकामा पेश गर्नु पर्नेछ ।

घ) उच्च अनुशासन र लगनशिलताका साथ अध्यायन गर्नुपर्नेछ ।

ङ) तोकिएको शैक्षिक कार्यक्रम सम्पन्न गरी सकेपछि नगरपालिकासंग तोकिएको शर्त बमोजिम अनिवार्यरुपमा तीन वर्ष नगरपालिकाभित्रका स्वास्थ्य सस्था/शैक्षिक सस्थाहरुमा अनिवार्यरुपमा सेवा प्रदान गर्नु पर्नेछ ।

च) छात्रबृत्ति प्राप्त गर्ने बिद्यार्थीले निजले अध्यायन गरेको शैक्षिक सस्थाको नभै नेपाल सरकार शिक्षा मन्त्रालय, IOM तथा CTEVT बाट तोकिएको शैक्षिक





कार्यक्रमको लागि लिईने न्यूनतम शुल्कलाई आधार मानी छात्रबृत्ति प्रदान गरिनेछ ।

छ) बाधा पुगेको नठानिने : यस भन्दामाथिका बुँदामा जे सुकै उल्लेख गरिएको भएता पनी यस बर्षको शैक्षिक कार्यक्रम अर्न्तगत निर्धारित प्रबेश परीक्षाहरु उत्तीर्ण गरी बिभिन्न शैक्षिक सस्थाहरुमा अध्यायनरत बिद्यार्थीहरुलाईसमेत यसै कार्यबिधि अनुसार छात्रबृत्ति प्रदान गर्नको लागि कुनै बाधा भएको ठानिनेछैन । यस प्रकृत्तीका सबै बिद्यार्थीहरुसमेत यस छात्रबृत्ति कार्यक्रममा सहभागी हुन पाउने छन् ।

छनौट समितिले आवश्यकता अनुसार शर्तहरु थप समेत गर्न सक्नेछ ।

आज्ञाले,

**कुलराज सुवेदी**

प्रमुख प्रशासकीय अधिकृत